# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको

## विधान २०५८ (सन् २००१)*

**प्रस्तावना**

विश्वव्यापी रूपमा भइरहेका मानवअधिकार उल्लङ्घनका वारदातीका सन्दर्भमा मानवअधिकारको प्रवर्धन तथा संरक्षणका लागि एक गैरनाफामूलक, गैरसरकारी, गैरराजनीतिक संस्थाको सान्दर्भिकता महसुस गर्दै अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त मानवअधिकार अभियान, एम्नेस्टी इन्टरनेसनलको विधानसंग मिल्दोजुल्दो यस विधानको प्रारूप तयार गरी एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको स्थापनाका लागि संस्था दर्ता ऐन २०३४ को अधिनमा रही यो विधान तयार गरिएको हो ।

### भाग-१
### प्रारम्भिक

१. **एम्नेस्टी इन्टरनेसनल नेपालको स्थापना :**

(१) यो विधानको नाम एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन २००१) को छैठौं संशोधन २०७६ (सन् २०१९) हुने छ । यो विधान स्वीकृत भएपछि एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको स्थापना भएको मानिने छ । यसलाई छोटकरीमा एम्नेस्टी नेपाल (Amnesty Nepal) [1] भनेर चिनिनेछ ।

(२) यो एक गैरनाफामूलक, गैरसरकारी तथा गैरराजनीतिक संस्था हुने छ ।

(३) एम्नेस्टी नेपालको स्वतन्त्र कानुनी अस्तित्व हुने छ । यसको हैसियत कानुनी व्यक्ति सरह हुनेछ ।[2]

२. **ठेगाना र कार्यक्षेत्र**

(१) यो संस्थाको कार्यालय काठमाडौंमा अवस्थित हुने छ र हाल यसको ठेगाना यस प्रकार हुने छ :

एम्नेस्टी इन्टरनेसनल नेपाल
एम्नेस्टी मार्ग, वसन्तनगर, बालाजु
पो.ब.नं-१३५, काठमाडौं, नेपाल ।

(२) यस संस्थाको कार्यक्षेत्र काठमाडौंमा भई स्थानीय अधिकारीको स्वीकृति लिएर नेपालभरी रहनेछ ।[3]

३. **प्रारम्भ**

यो विधान एम्नेस्टी नेपाल शाखाको साधारणसभाबाट पारित भई एम्नेस्टी इन्टरनेसनलको इन्टरनेसनल बोर्ड (International Board) र नेपाल सरकारले तोकेको निकायको स्वीकृति पश्चात लागू हुनेछ ।

४. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ लागेमा बाहेक यस विधानमा :

(१) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को ***छैठौं संशोधन २०७६ (सन् २०१९)*** समेतलाई समेत जनाउने छ ।

(२) "एम्नेस्टी इन्टरनेसनल" भन्नाले बेलायतको लण्डनमा मुख्य कार्यालय भएको अन्तर्राष्ट्रिय मानवअधिकार ***संस्था*** एम्नेस्टी इन्टरनेसनललाई जनाउनेछ ।

(३) "संस्था" वा "एम्नेस्टी नेपाल" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखालाई जनाउने छ ।

---

* *जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैठौं संशोधनद्वारा क्रमशः २०६४, २०६५, २०६८, २०७३, २०७४ र २०७६ मा संशोधित प्रावधानहरू समाविष्ट ।*

[1] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । सो अघि "ए.आइ नेपाल" रहेको ।

[2] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । संशोधन अघि निम्न व्यवस्था रहेको :

"ए.आई.नेपालको स्वतन्त्र कानुनी अस्तित्व हुने छ र यसको नामबाट कुनै मुद्दा हाल्नु परेमा वा यसलाई कुनै मुद्दा हाल्नु परेमा यसैको नामबाट गर्न सकिने छ ।"

[3] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । संशोधन अघि निम्न व्यवस्था रहेको :

(ख) यस संस्थाको कार्यक्षेत्र काठमाडौंमा भई स्थानीय अधिकारीको स्वीकृति लिएर नेपाल राज्यभर हुनेछ ।

(४) "आई.एम." भन्नाले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयलाई जनाउने छ।

(५) नेसनल बोर्ड (National Board) भन्नाले एम्नेस्टी नेपालको भाग ४ दफा १० को उपदफा १ बमोजिम गठित कार्य समिति[4]लाई जनाउनेछ।

(६) "सदस्य" भन्नाले एम्नेस्टी इन्टरनेसनलको सिद्धान्त, आदर्श र विधानलाई स्वीकार्ने र यो विधानको भाग ३ दफा ७ बमोजिम "सदस्यता प्रकार र प्राप्ति" खण्डमा उल्लिखित शर्तहरू पुरा गरी सदस्यता प्राप्त गरेका समर्थक सदस्य, समूहगत सदस्य, युथनेटवर्कका युवा सदस्य र मानार्थ सदस्यहरूलाई जनाउने छ।[5]

(७) "स्थानीय अधिकारी" भन्नाले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई बुझाउने छ।

(८) "स्थानीय तह" भन्नाले सम्बन्धित गाउँपालिका, नगर/उपमहानगर/महानगरपालिका, जिल्ला समन्वय समितिलाई बुझाउने छ।[6]

(९) "एम्नेस्टी समूह" भन्नाले स्थानीय स्तरमा[7] कार्य गर्ने एम्नेस्टी इन्टरनेसलन नेपालबाट मान्यता प्राप्त समूहलाई जनाउने छ।

(१०) "निर्माणाधिन समूह" भन्नाले समूहको मान्यता प्राप्त भइनसकेको परीक्षणको क्रममा रहेको समूहलाई जनाउने छ।

(११) "तोकिएबमोजिम" भन्नाले यो विधान र यसअन्तर्गत बनेका नियम, उपनियम वा यो विधानअन्तर्गत बनेका अख्तियारप्राप्त समिति, उपसमितिले तोकेबमोजिमका *विषय*हरूलाई जनाउने छ।

(१२) "पुनरावेदन समिति" भन्नाले एम्नेस्टी नेपालको साधारण सभाबाट विधानको दफा ११ को उपदफा १ बमोजिम निर्वाचित हुने पुनरावेदन समितिलाई जनाउने छ।[8]

(१३) "राष्ट्रिय सचिवालय" भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयलाई जनाउने छ।

(१४) "अध्यक्ष" भन्नाले एम्नेस्टी नेपालका अध्यक्षलाई जनाउने छ।

(१५) "निर्देशक" भन्नाले एम्नेस्टी नेपालका निर्देशकलाई जनाउने छ।

(१६) "नेसनल बोर्ड पदाधिकारी" भन्नाले "नेसनल बोर्डका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सदस्यहरूलाई जनाउने छ।

(१७) "पुनरावेदन समितिका पदाधिकारी" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको पुनरावेदन समितिका संयोजक र सदस्यहरूलाई जनाउने छ।

(१८) "साधारण सभा" भन्नाले यस विधानको साधारणसभा खण्डमा व्यवस्था गरिएबमोजिमको सभालाई जनाउने छ।

(१९) "नेपाल शाखा" भन्नाले एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखालाई जनाउने छ।

(२०) "युथ नेटवर्क" भन्नाले एम्नेस्टी नेपालले सञ्चालन गर्ने अभियानका उद्देश्यमा आधारित भई विभिन्न गतिविधि गर्नका लागि एम्नेस्टी नेपालबाट युवा सदस्यता लिएका व्यक्तिहरूको स्थानीय नेटवर्कलाई जनाउने छ।[9]

## ५. एम्नेस्टी नेपालको प्रतीक चिन्ह तथा छाप

(१) आयाताकार पहेँलो पृष्ठभूमिमा दायाँतर्फ काँडेतारले बेरिएको बलिरहेको मैनबत्ति र बायाँतर्फ पहिलो हरफमा "एम्नेस्टी" र दोस्रो हरफमा "इन्टरनेसनल" लेखिएको र दुवै हरफहरूको लम्बाई बराबर भएको तथा पहेँलो भागको ठिक तल पहेँलो भागको लम्बाईको बराबर हुनेगरी "एम्नेस्टी इन्टरनेसनल नेपाल" लेखिएको (अनुसूची १ अनुसारको) एम्नेस्टी नेपालको प्रतीक चिन्ह हुनेछ।

(२) यस संस्थाको प्रतीक चिन्ह अङ्कित भएको एक छाप हुने छ।

भाग-२

---

[4] छैठौं संशोधन २०७६ द्वारा संशोधित।

[5] छैठौं संशोधन २०७६ द्वारा संशोधित। साविकको व्यवस्था : "सदस्य" भन्नाले एम्नेस्टी इन्टरनेसनलको सिद्धान्त, आदर्श र विधानलाई स्वीकार्ने र यो विधानको "सदस्यता" खण्डमा उल्लिखित सर्तहरू स्वीकारी सदस्यता प्राप्त गरेका व्यक्तिलाई जनाउने छ।

[6] संशोधन पहिलाको व्यवस्था ***"स्थानीय निकाय" भन्नाले सम्बन्धित गाविस, नगरपालिका, महानगरपालिका, जिल्ला विकास समितिलाई बुझाउने छ।***

[7] छैठौं संशोधन २०७६ द्वारा संशोधित। साविक "रूपमा" रहेको।

[8] छैठौं संशोधन २०७६ द्वारा संशोधित। साविकको व्यवस्था : "पुनरावेदन समिति" भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय परिषद् बैठकबाट विधान बमोजिम निर्वाचित हुने पुनरावेदन समितिलाई जनाउने छ।

[9] पाँचौं संशोधन २०७४ द्वारा एम्नेस्टी नेपालको स्थानीय संरचनाको रूपमा रहेको ***"युथ नेटवर्क"*** को परिभाषा विधानमा समावेश गर्न उपयुक्त भएकोले थप गरिएको।

## परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यविधि र कार्यादेश

६. यस संस्थाको परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यविधि र कार्यादेश निम्नबमोजिम हुनेछ :

६.१. **परिदृश्य** :

मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा मानवअधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेका मानवअधिकारहरूलाई संसारका हरेक व्यक्तिले स्वतन्त्रतापूर्वक उपभोग र प्राप्ति गर्न पाएको विश्व नै एम्नेस्टी इन्टरनेसनल नेपालको परिदृष्य हुनेछ ।[10]

६.२ **उद्देश्य** :

एम्नेस्टी नेपालको परिदृश्यलाई साकार पार्न सबै प्रकृतिका मानवअधिकारहरूको गम्भीर उल्लङ्घन र ज्यादतीको रोकथाम र अन्त्यका लागि अध्ययन-अनुसन्धान तथा अभियानहरू सञ्चालन गर्नु एवं मानवअधिकार प्रवर्धनका लागि कार्य गर्नु एम्नेस्टी इन्टरनेसनल नेपालको उद्देश्य रहेको छ ।

६.३ **मूल आदर्श** :

मानव जीवनमा हुने सबै प्रकारका भेदभावको अन्त्य, स्वतन्त्रता, निष्पक्षता, अन्तर्राष्ट्रिय ऐक्यवद्धता, विश्वव्यापकता, अविभाज्यता, अन्तर्निर्भरता, प्रजातान्त्रिक अभ्यास र आचरण तथा आपसी सद्भावको सिद्धान्तमा आधारित मानवअधिकार रक्षकहरूको विश्व समुदाय निर्माण गर्ने ।[11]

६.४. **कार्यविधि** :

(क) मानवअधिकारसम्बन्धी कुनै निश्चित घटना वा ज्यादतीका सम्बन्धमा एम्नेस्टी इन्टरनेसनलका तर्फबाट गरिएका अनुसन्धानहरूका आधारमा प्राप्त तथ्यहरूलाई सार्वजनिक गरी कुनै पनि देशका सरकार, कम्पनीहरू, अन्तरसरकारी संस्था, सशस्त्र राजनीतिक समूह तथा अन्य गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घन र ज्यादती रोक्नका लागि एम्नेस्टी नेपालमा आवद्ध सदस्य, यसका सहयोगीहरू र मानवअधिकार रक्षकहरूद्वारा नेपालको कानुनको परिधिभित्र रही दवाव सिर्जना गरिने छ ।

(ख) मानवअधिकार उल्लङ्घन र ज्यादतीको रोकथामका लागि सरकारहरूलाई कानुनी शासनको सिद्धान्तको पालना गर्न र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू अनुमोदन एवं कार्यान्वयनका लागि आह्वान गर्ने छ । मानवअधिकार शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुका साथै अन्तरसरकारी सङ्गठन, व्यक्ति तथा समाजका हरेक अङ्गलाई मानवअधिकारको सम्मान र समर्थन गर्न प्रोत्साहित गर्ने छ ।

६.५. **कार्यादेश**

एम्नेस्टी इन्टरनेसनलबाट विश्वव्यापी रूपमा मानवअधिकारको प्रवर्धन र संरक्षणका लागि सञ्चालित विभिन्न अभियानप्रति ऐक्यवद्धता प्रकट गर्न, सहभागी हुन र वकालत गर्न एम्नेस्टी नेपाल क्रियाशील हुनेछ । एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयबाट प्राप्त कार्यक्रम र एम्नेस्टी नेपालको वार्षिक साधारण सभाबाट पारित गरिएका वार्षिक कार्यक्रमहरू (Annual Work Plan) का आधारमा राष्ट्रिय सचिवालयले एम्नेस्टी नेपालमा आवद्ध सदस्य, समूह तथा युथ नेटवर्कहरूलाई अभियानसम्बन्धी गतिविधिहरूमा संलग्न हुन निरन्तर *एक्सन सर्कुलर* (Action circular) हरू जारी गर्नेछ । यसरी अभियान सञ्चालन गर्दा नेपालमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी घटनाहरूको बारेमा एम्नेस्टी नेपालले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयसँगको परामर्शका आधारमा भएको अनुसन्धान र अध्ययन पछिमात्र आफ्नो धारणा र अभिव्यक्ति राख्नेछ जसलाई एम्नेस्टी नेपालमा आवद्ध समूह, निर्माणाधिन समूह, युथ नेटवर्क तथा समर्थक सदस्यहरूले अक्षरश: पालना गर्नुपर्नेछ र

[10] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लेख भए बमोजिमका सबै मानवअधिकार हरु हरेक मानव मात्रले उपभोग गर्न पाएको विश्व नै एम्नेस्टी इन्टरनेसनल नेपाल को परिदृश्य हुनेछ ।
[11] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : भेदभावको अन्त्य तथा स्वतन्त्रता, प्रजातन्त्र तथा आपसी सद्भावको सिद्धान्तमा आधारित मानवअधिकार रक्षकहरूको समुदाय निर्माण ।

उनीहरूले आफ्नै निर्णयका आधारमा कुनै [illegible] बनाउने वा अन्य गतिविधिहरू गर्ने कार्य गर्न पाउने छैनन् ।[12]

भाग-३

## सदस्यता

७. **सदस्यताको प्रकार र प्राप्ति**

७.१. **सदस्यताको प्रकार**

(क) **समर्थक सदस्यता :**

संस्थाको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाको अभियानमा सहयोग पुऱ्याउन चाहने १६ वर्ष र सोभन्दा माथिका कुनै पनि नागरिकले आस्था, धर्म, वर्ण, लिङ्ग, उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद विना निर्धारित शुल्क तिरी एम्नेस्टी नेपालको सचिवालयबाट समर्थक सदस्यता प्राप्त गर्न सक्नेछन् । समर्थक सदस्यहरू एम्नेस्टी नेपालका मानवअधिकार अभियानहरूमा संलग्न हुन सक्नेछन् ।[13]

(ख) **समूहगत सदस्यता :**

एम्नेस्टी नेपालको विधान र उद्देश्यहरूको पालना गर्दै शाखाको अभियानमा सहयोग पुऱ्याउन र सहभागी हुन चाहने १६ वर्ष वा सोभन्दा माथिका कुनै पनि व्यक्तिले आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा विभेद विना एम्नेस्टी नेपालमा आवद्ध समूह वा निर्माणाधिन समूहको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा एम्नेस्टी नेपाल शाखाको समूहगत सदस्यता प्राप्त गर्न सक्नेछन् । यस्ता सदस्यहरूलाई सम्वन्धित समूहमा र सम्वन्धित समूहमार्फत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ ।

(ग) **युवा सदस्यता :**

एम्नेस्टी इन्टरनेसनल नेपालको विधानको पालना गर्दै यसको परिदृष्य र उद्देश्यहरू प्राप्ति गर्ने अभियानमा सहयोग पुऱ्याउन र सहभागी हुन चाहने १४ देखि २५ वर्षसम्मका कुनै पनि व्यक्तिले निर्धारित शुल्क तिरी आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद बिना एम्नेस्टी नेपालमा आवद्ध युथ नेटवर्कको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा वा सोझै राष्ट्रिय सचिवालयमार्फत एम्नेस्टी नेपाल शाखाको युवा सदस्यता प्राप्त गर्न सक्नेछन् । युथ नेटवर्कमार्फत बनेका सदस्यहरू सम्वन्धित युथ नेटवर्कको निर्णय प्रकृयामा सहभागी हुन सक्नेछन् । उनीहरूले राष्ट्रिय सचिवालयबाट समर्थक सदस्यता पनि लिन सक्ने छन् ।[14]

(घ) **मानार्थ सदस्यता**

समाजको विभिन्न क्षेत्रमा रही सामाजिक प्रतिष्ठा हासिल गरेका वा मानवअधिकार प्रवर्धन र संवर्धनमा योगदान पुऱ्याउँदै आएका व्यक्तिलाई तोकिएबमोजिम एम्नेस्टी नेपाल शाखाले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।[15]

---

[12] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : एम्नेस्टी इन्टरनेसनलले विश्वव्यापी रूपमा मानवअधिकारको प्रवर्धन र संरक्षणका लागि सञ्चालन गर्ने अभियानको उद्देश्य प्राप्तिका लागि त्यस्ता अभियानप्रति ऐक्यबद्धता प्रकट गर्न, सहभागी हुन र कार्यक्रम सञ्चालन गर्न एम्नेस्टी नेपाल क्रियाशील हुने छ । यसरी अभियान सञ्चालन गर्दा नेपालमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी घटनाहरूको अनुसन्धान सँग सम्बन्धित कार्यमा भने एम्नेस्टी इन्टरनेसनल नेपाल शाखामा आवद्ध समूह, निर्माणाधिन समूह, सञ्जाल तथा सदस्यहरूले आफ्नै निर्णयका आधारमा मात्र संलग्न हुन पाउने छैनन् ।

[13] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : संस्थाको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाको अभियानमा सहयोग पुऱ्याउन चाहने तर निर्णय प्रकृयामा मताधिकार नचाहने १६ वर्ष र सोभन्दा माथिका कुनै पनि नागरिकले आस्था, धर्म, वर्ण, लिङ्ग, उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद विना एम्नेस्टी नेपाल शाखाको समर्थक सदस्यमा गणना गर्न सकिने छ ।

[14] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : एम्नेस्टी नेपालको विधान र उद्देश्यहरूको पालना गर्दै शाखाको अभियानमा सहयोग पुऱ्याउने र सहभागी हुन चाहने १४ देखि २५ वर्षसम्मका कुनै पनि व्यक्तिले आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद विना एम्नेस्टी नेपालमा आवद्ध युथ नेटवर्कको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा वा सोझै राष्ट्रिय सचिवालयमार्फत एम्नेस्टी नेपाल शाखाको युवा सदस्यता प्राप्त गर्न सक्नेछन् । युथ नेटवर्कमार्फत बनेका सदस्यहरू सम्वन्धित युथ नेटवर्कको निर्णय प्रकृयामा सहभागी हुन सक्नेछन् । साथै तोकिएअनुसार एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ ।

[15] पाँचौं संशोधन २०७४ मार्फत संशोधन गरिएको । संशोधन अघि निम्न प्रावधान रहेको थियो:

(घ) साधारण सदस्यता

७.२. **सदस्यता प्राप्ति**

<u>विधानको दफा ७ को उपदफा १ बमोजिमको प्रकृया पुरा गरी राष्ट्रिय सचिवालयबाट सदस्यता प्रदान गरिने छ । यसरी प्रदान गरिएको सदस्यहरूको सदस्यता अवधि दुई वर्षको रहनेछ र सो अवधि पश्चात पुन: नवीकरण गरी सदस्यता कायम गर्न सकिनेछ ।</u>[16]

७.३. **सदस्यताका लागि आवश्यक योग्यता:**

एम्नेस्टी नेपालको सदस्यता प्राप्त गर्नका लागि आवश्यक प्रावधानहरू निम्नानुसार रहेका छन् :

(क) एम्नेस्टी नेपालको विधान र उद्देश्यहरू पालनाको प्रतिवद्धता ।
(ख) एम्नेस्टी नेपालबाट निर्धारित शुल्कको भुक्तानी ।
(ग) मानसिक सन्तुलन नगुमाएको ।
(घ) भ्रष्टाचारमा दोषी नठहरिएको ।
(ङ) मानव अधिकार ज्यादती र उल्लङ्घन हुने खालका कुनै कार्यमा संलग्न नरहेको ।

७.४. **सदस्यता नवीकरण** :

(क) हरेक सदस्यले आफ्नो सदस्यता समाप्त भएको छ महिनाभित्र आफ्नो सदस्यता नवीकरण गराउनु पर्ने छ । तोकिएको समय भुक्तान भइसकेपछि नवीकरण गरिने छैन, तर नयाँ सदस्यता प्राप्तिका प्रकृयाका लागि बाधा भने पुग्ने छैन ।
(ख) नेसनल बोर्डले उपयुक्त कारण खुलाई कुनै व्यक्तिको सदस्यता नवीकरण नगर्ने भन्ने निर्णय गर्न सक्दछ ।
(ग) <u>नेसनल बोर्डले सदस्यता नवीकरण नगर्ने निर्णय गरिएका व्यक्तिलाई पुनरावेदन गर्ने अधिकार भने हुनेछ ।</u>[17]

८. **सदस्यताको समाप्ति**

(१) देहायको कुनै एक अवस्थामा एम्नेस्टी नेपालको कुनै पनि सदस्यको सदस्यता समाप्त हुनेछ :

(क) लिखित राजिनामा दिई स्वीकृत भएमा,
(ख) एम्नेस्टी इन्टरनेसनल र एम्नेस्टी नेपालको विधान, नीति र उद्देश्य विपरीत कार्य गरेमा,
(ग) सदस्यताको म्याद समाप्त भएमा,
(घ) विधानको भाग ३ दफा ७.३ बमोजिमको योग्यता नरहेमा,
(ङ) मृत्यु भएमा
(च) युथ नेटवर्क सदस्यको हकमा सम्वन्धित सदस्यको उमेर पच्चीस वर्ष पूरा भएमा ।

(२) समूहगत सदस्यको हकमा सम्वन्धित एम्नेस्टी समूह वा निर्माणाधिन समूहको सिफारिसमा नेसनल बोर्डले सदस्यता समाप्तिसम्वन्धी निर्णय गर्नेछ । यदि सम्वन्धित एम्नेस्टी समूह वा निर्माणाधिन समूहले सिफारिस नगरेमा नेसनल बोर्डले सदस्यता समाप्तिको निर्णय गर्ने छ ।

(३) समर्थक सदस्यको सदस्यता समाप्तिसम्वन्धी निर्णय नेसनल बोर्डले गर्नेछ ।

भाग-४

## साङ्गठनिक संरचना

९. **साधारणसभा**

९.१. **साधारणसभाको स्वरूप:**

---

एम्नेस्टी नेपालले संचालन गर्ने अभियान संचालनका लागि नियमित रुपमा आर्थिक सहयोग प्रदान गर्ने, यसको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाले संचालन गर्ने अभियानमा सहभागि हुदै सहयोग पुर्‍याउदै आएका दक्ष, अनुभवी तथा प्रतिष्ठित व्यक्तिलाई तोकिए बमोजिम एम्नेस्टी नेपाल शाखाले साधारण सदस्यता प्रदान गर्न सक्नेछ । यसरी सदस्यता दिदा आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद गरिने छैन ।

[16] छैटौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : नेसनल बोर्डले निर्धारण गरे बमोजिमको प्रक्रिया पुरा गरी राष्ट्रिय सचिवालयबाट सदस्यता प्रदान गरिने छ ।

[17] पाँचौं संशोधन २०७४ मार्फत संशोधन गरिएको । संशोधन ... रहेको थियो: (ग) यसरी नवीकरणबाट वन्चित भएकालाई पुनरावेदन गर्ने अधिकार हुनेछ ।

वर्षमा एकपटक आयोजना गरिने साधारण सभा एम्नेस्टी नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ । साधारण सभाले हरेक दुई/दुई वर्षमा नेसनल बोर्ड र पुनरावेदन समितिको नियमित निर्वाचन गर्नेछ । साथै साधारण सभाले विधान संशोधन गर्ने, नीतिगत निर्णयहरू गर्ने, वार्षिक कार्ययोजना अनुमोदन गर्ने तथा संस्था विघटनको सिफारिस गर्नेसम्बन्धी निर्णयहरू पनि गर्नेछ ।[18]

९.२. साधारण सभाको बैठक हरेक वर्ष बस्नेछ । . . . ✂ [19]

९.३. . . . ✂ [20]

९.४. (१) **समूहहरूको राष्ट्रिय बैठक (साधारण सभा)को गठन**

(क) नेसनल बोर्डका पदाधिकारीहरू,
(ख) पुनरावेदन समितिका पदाधिकारीहरू,
(ग) मान्यता प्राप्त समूहका एक/एक जना प्रतिनिधि
(घ) निमार्णाधिन समूहको एक/एक जना पर्यवेक्षक ।
(ङ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,
(च) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,

(२) मताधिकार: एम्नेस्टी नेपालमा आवद्धताको मान्यता प्राप्त समूहका प्रतिनिधिहरूलाई बैठकमा मताधिकार रहनेछ ।

९.५ **विशेष सधारणसभा** :

(क) एम्नेस्टी नेपाल अन्तर्गतका २५ प्रतिशत समूहहरूले तोकिएबमोजिम विशेष कारण देखाई विशेष साधारणसभाको माग गरेमा नेशनल बोर्डले त्यस्तो अनुरोध प्राप्त भएको ४५ दिनभित्र विशेष साधारणसभा बोलाउने छ ।
(ख) तत्काल विशेष साधारण सभाबाट कुनै विषयमा अन्तिम निर्णय लिनुपर्ने परिस्थिति सिर्जना भएमा नेसनल बोर्डले आवश्यकताअनुसार विशेष सधारणसभा बोलाउन सक्नेछ ।
(ग) विशेष साधारणसभा जुन कार्यका लागि माग गरिएको वा बोलाइएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय लिइनेछ ।
(घ) विशेष साधारण सभाको गठन दफा ९.४ बमोजिम हुने छ ।
(ङ) विशेष साधारणसभा माग भएको ९० दिनभित्र नियमित वार्षिक साधारणसभा बस्ने भए त्यस्तो विशेष साधारणसभा बोलाउन नेसनल बोर्ड बाध्य हुने छैन तर विशेष साधारणसभामा पेस गर्ने भनिएका प्रस्ताव नियमित साधारणसभामा प्रस्तुत गर्न पर्नेछ ।
(च) विशेष सधारणसभाको जानकारी ३० दिन अगाडि नै समूहहरूलाई पठाउनु पर्नेछ ।

९.६. **साधारणसभाको बैठक** :

---

[18] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको व्यवस्था : साधारणसभा एम्नेस्टी नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ । राष्ट्रिय परिषद् र समूहहरूको राष्ट्रिय बैठक गरी यसको दुईओटा स्वरूप हुनेछ । नेसनल बोर्ड र पुनरावेदन समितिको नियमित निर्वाचन गर्ने, संस्था विघटनको सिफारिस गर्ने तथा यस विधानमा राष्ट्रिय परिषद्ले गर्ने भनी तोकिएकामा बाहेक समूहहरूको राष्ट्रिय बैठकका सबै अधिकार राष्ट्रिय परिषद सरह हुने छ ।

[19] छैठौं संशोधन २०७६ द्वारा हटाइएको । सोअघिको व्यवस्था : साधारण सभाको बैठक हरेक वर्ष बस्ने छ । प्रत्येक २/२ वर्षमा राष्ट्रिय परिषद्को बैठक बस्ने छ । राष्ट्रिय परिषद्को बैठकको अन्तरालमा समूहहरूको राष्ट्रिय बैठक बस्ने छ ।

[20] छैठौं संशोधन २०७६ द्वारा हटाइएको । सोअघिको व्यवस्था : (१) राष्ट्रिय परिषद्को गठन: प्रत्येक दुई वर्षमा हुने एम्नेस्टी नेपालको राष्ट्रिय परिषद् बैठकमा निम्नबमोजिमको सहभागिता रहनेछ :
(क) नेसनल बोर्डका पदाधिकारीहरू,
(ख) पुनरावेदनसमितिका पदाधिकारीहरू,
(ग) मान्यता प्राप्त समूहका दुई/दुई जना प्रतिनिधि
(घ) निमार्णाधिन समूहको एक/एक जना पर्यवेक्षक
(ङ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,
(च) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,
(२) मताधिकार :
एम्नेस्टी नेपालमा आवद्धताको मान्यता प्राप्त समूहका प्रतिनिधिहरूलाई बैठकमा मताधिकार रहनेछ । युथ नेटवर्क मार्फत नेसनल बोर्डमा निर्वाचित भएर आएका युवा सदस्यहरूलाई परिषद बैठकको एजेन्डामा सूचीकृत विषयहरूमा हुने मतदानमा मताधिकार हुनेछ ।

(क) साधारणसभाको वैठक प्रत्येक वर्ष नेसनल वोर्डवाट निर्धारण भएको मिति, समय र स्थानमा हुने छ र एम्नेस्टी नेपालअन्तर्गतका सबै समूह तथा निर्माणाधिन समूहहरूलाई यस्तो वैठकको सूचना ४५ दिन अगावै गरिने छ।

(ख) साधारणसभाको अध्यक्षता नेसनल वोर्डले तोकेको व्यक्तिले गर्ने छ ।

(ग) साधारणसभाको गणपूरक सङ्ख्या ६० प्रतिशत हुने छ । तोकिएको गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई सभा स्थगन गरिनेछ र तोकिएबमोजिम प्रकृया पुरा गरी पुनः सञ्चालन गरिनेछ ।[21]

(घ) साधारणसभामा कुनै विषयउपर मतभेद भई निर्णय गर्नुपरेमा एक व्यक्ति एक मतका आधारमा वहुमतवाट गरिने छ।

(ङ) साधारणसभामा कुनै विषयउपर विवाद भई पक्ष विपक्षमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने छन् ।

## ९.७. साधारणसभाको काम, कर्तव्य र अधिकार

(क) एम्नेस्टी इन्टरनेसनलको एकीकृत रणनीतिक लक्ष्य (Strategic Goals)[22] मा आधारित एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजना तर्जुमा गर्ने,

(ख) एम्नेस्टी इन्टरनेसनलको आर्थिक नीतिमा आधारित एम्नेस्टी नेपालको आर्थिक नीति तर्जुमा गर्ने ।

(ग) नेसनल वोर्ड तथा पुनरावेदन समितिको निर्वाचन गर्ने ।

(घ) एम्नेस्टी नेपालको कार्यप्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, बजेट, कार्ययोजना तथा राष्ट्रिय सचिवालयको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।

(ङ) लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(च) अन्य आवश्यक प्रस्तावहरू पारित गर्ने ।

## १०.१ नेसनल बोर्ड

**(क) नेसनल बोर्ड (National Board) को गठनः** एम्नेस्टी नेपालको वार्षिक साधारणसभाको अन्तरालमा आवश्यक पर्ने नीतिगत निर्णय गर्न एवं एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि निम्नवमोजिम नेसनल वोर्ड (National Board) गठन हुने छ ।

(क) अध्यक्षः १

(ख) उपाध्यक्षः १ जना राष्ट्रिय परिषद्

(ग) महासचिवः १ जना

(घ) कोषाध्यक्षः १ जना

(ङ) उपमहासचिवः १ जना

(च) सदस्यहरू : छ जना (कम्तिमा एक महिला सहित दुईजना युवा सदस्य सहित)[23]

**(ख) नेसनल बोर्डको निर्वाचन**

(१) साधारण सभावाट निम्नानुसारका पदाधिकारीहरूको निर्वाचन हुने छ ।

(क) अध्यक्ष : १ जना

(ख) कोषाध्यक्षको १ जना

(ग) सदस्य ७ (कम्तीमा ३ जना महिला सहित) जना ।

नोट : यस उपखण्डको प्रयोजनकालागि मतदानको अधिकार एम्नेस्टी नेपालमा आवद्धताको मान्यता प्राप्त समूहका प्रतिनिधिहरूलाई रहनेछ

(२) नेसनल वोर्ड पदाधिकारीहरूमा यस विधानको भाग ४, दफा १० को उपदफा (१) (ख) (१) अनुसार साधारण सभा[24]वाट निर्वाचित हुने ९ (नौ) जना र २ (दुई) जना वोर्ड पदाधिकारीको निर्वाचन युथ नेटवर्क सदस्यहरूमध्येवाट गरिनेछ । युवा नेसनल वोर्ड सदस्यको निर्वाचन तोकिएवमोजिम हुनेछ जसमा कम्तिमा एकजना महिला रहने छन् ।

---

[21] पाँचौं संशोधन २०७४ ले थपेको ।

[22] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । सोअघि "... एकीकृत रणनीतिक योजना ..." रहेको ।

[23] पाँचौं संशोधन २०७४ ले थपेको ।

[24] छैठौं संशोधन २०७६ द्वारा संशोधित । सोअघिको "परिषद् वैठक" रहेको ।

(३) यसरी विधानको भाग ४, दफा १० को उपदफा (१) (ग) र भाग ४, दफा १० को उपदफा (२) अनुसारका सदस्यहरूमध्येवाट दफा १०.१ (क) को वाँकी पदाधिकारीहरू (उपाध्यक्ष, महासचिव र उपमहासचिव) को नियुक्ति हुनेछ। यस्तो नियुक्ति नेसनल वोर्ड बैठकवाट गरिनेछ।

(४) निर्वाचन प्रयोजनका लागि नेसनल वोर्डले निर्वाचन हुने मिति तोक्ने समयमा निर्वाचन समिति गठन गर्ने छ। निर्वाचन समिति तोकिए वमोजिम हुनेछ।[25]

(५) निर्वाचनसम्वन्धी कार्यविधि अन्यथा तोकिएकामा वाहेक संयोजक वा निर्वाचन समितिले तोकेवमोजिम हुने छ।

(६) नेसनल वोर्डको पदावधि निर्वाचित भएको मितिवाट दुई वर्षको हुनेछ।

(७) अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र कोषाध्यक्षले लगातार दुई कार्यकालसम्म निर्वाचित भइसकेपछि पुनः तेस्रो कार्यकालका लागि सोही पदमा उम्मेदवारी दिन पाउने छैन भने नेसनल वोर्डमा एउटै व्यक्तिले लगातार छ वर्षभन्दा वढी कार्यकालका लागि उम्मेदवारी दिन सक्ने छैन।

**(ग) नोमिनेसन कमिटि**

(१) नेसनल वोर्ड तथा पुनरावेदन समितिको निर्वाचनमा उम्मेदवारी दिने व्यक्तिको क्षमता तथा दक्षता मूल्याङ्कन गर्न नेसनल वोर्डले एक नोमिनेसन कमिटि गठन गर्नेछ। जसमा संयोजक र दुई जना सदस्य रहनेछन्।

(२) यस कमिटिले एम्नेस्टी इन्टरनेसनलको परिदृश्य, उद्देश्य र मूल आदर्श वुझेका एवं एम्नेस्टी नेपालको वोर्डमा रही कार्य गर्न दक्षता हासिल गरेका व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई नेसनल वोर्डको निर्वाचनमा उम्मेदवारी दिन प्रोत्साहित र आमन्त्रित गर्न सक्नेछ।

(३) नेसनल वोर्ड तथा पुनरावेदन समितिको निर्वाचनमा उम्मेदवारी दिन चाहने एम्नेस्टी नेपाल समूहका सदस्यहरूले सम्वन्धित पदमा कार्य गर्नका लागि आफूसँग भएको योग्यता र क्षमता लगायतका विषय उल्लेख गरी तोकिएवमोजिमको चाहनापत्र कमिटिसमक्ष पेश गर्नु पर्नेछ।

(४) कमिटीमा प्राप्त हुन आएका चाहनापत्रहरूको आधारमा सम्वन्धित पदमा नीजको योग्यता र क्षमता पुगे नपुगेको विषयमा मूल्याङ्कन गरी उक्त उम्मेदवारी सम्वन्धमा नोमिनेसन कमिटिले सिफारिश गर्न सक्नेछ। उम्मेदवारी दिनु अगावै उक्त व्यक्तिले एम्नेस्टी नेपालको सदस्यता भने लिएको हुनुपर्दछ।

(५) कमिटिको गठन एवं काम, कर्तव्य र अधिकार तोकिएवमोजिम हुनेछ।[26]

**१०.२. उम्मेदवारको योग्यता तथा अयोग्यता**

(क) एम्नेस्टी नेपालको साधारण सभामा हुने नेसनल वोर्ड वा पुनरावेदन समितिको निर्वाचनमा एम्नेस्टी नेपालमा आवद्ध समूहका तोकिएअनुसारको योग्यता पुगेका प्रतिनिधिहरू र आमन्त्रित साधारण सदस्यले मात्र उम्मेदवारी दिन पाउने छन्।

(ख) नैतिक पतन देखिने फौजदारी अपराधमा सजाय पाएको, विगतमा मानव अधिकार विरोधी कार्यमा संलग्न भएको, एम्नेस्टी इन्टरनेसनलको नीति तथा कार्यक्रमप्रति अनास्था गर्ने, एम्नेस्टी इन्टरनेसनललाई कुनै रकम तथा जिन्सी तिर्न वाँकी वक्यौता भएको, कुनै पनि

---

[25] पाँचौं संशोधन २०७४ ले संशोधन गरेको। सो अघि निम्न व्यवस्था रहेको थियो :
(२) तोकिए वमोजिम चयनहुने गरी युथ नेटवर्कवाट कम्तिमा एकजना महिला सहित दुईजना सदस्य।
(३) उल्लेखित १ (ग) र २ अनुसरका सदस्यहरु मध्येवाट तोकिए अनुसार दफा १०.१ (क) को वाँकी पदाधिकारीहरुको कार्यविभाजन हुने छ।
(४) निर्वाचन प्रयोजनका लागि नेसनल वोर्डले निर्वाचन हुने मिति तोक्ने समयमा संस्थाका पूर्व अध्यक्ष मध्येवाट एक जनाको संयोजनमा निष्पक्ष निर्वाचन समिति गठन गर्ने छ।

[26] पाँचौं संशोधन २०७४ द्वारा संशोधित। सोपूर्व निम्न व्यवस्था रहेको :
**(ग) उमेदवारको क्षमता र दक्षता मूल्यांकन समिति (नोमिनेसन कमिटि)**
(क) संस्थाको पूर्व अध्यक्षको संयोजकत्वमा तिन सदस्यीय नोमिनेसन कमिटी गठन गरिने छ। यस कमिटिले तोकिए अनुसार नेसनल वोर्डका उमेदवारहरुको क्षमता र दक्षताको मूल्यांकन गर्नेछ।
(ख) यस कमिटिले साधारण सदस्यहरूमध्येवाट पनि एआईको परिदृश्य, उद्देश्य, मूल आदर्श वुझेका क्षमता र दक्षवान व्यक्तित्वहरुलाई नेतृत्वमा आउनको लागि त्यस्ता व्यक्तिहरुको पहिचान गरि उनिहरुलाई नेसनल वोर्डको उमेदवारीको लागि प्रोत्साहित र आमन्त्रित गर्न सक्ने छ।

राजनीतिक दलको क्षेत्रीय, जिल्ला वा केन्द्रीयस्तरका समितिहरूको सदस्य रहेको वा तोकिए अनुसार नोमिनेसन कमिटिको मूल्यांकनबाट तोकिएबमोजिमको योग्यता नपुगेका व्यक्ति नेसनल बोर्ड (नेसनल बोर्ड) वा पुनरावेदन समितिको कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैन । माथि उल्लेखित कुनै कुरा लुकाई उम्मेदवार भई निर्वाचित भएको तथ्य पछी खुल्न आएमा निर्वाचित भइसकेपछि पनि त्यस्ता समितिहरूको सदस्य भएमा निज स्वतः पदमुक्त भएको मानिने छ । यसरी पदमुक्त भएको घोषणा गर्दा नेसनल बोर्डले निजलाई सफाइको मौकाबाट वञ्चित गर्ने छैन ।

१०.३. **नेसनल बोर्डको काम, कर्तव्य र अधिकार**

(क) एम्नेस्टी इन्टरनेसनल नेपालको रणनीतिक दिशा र लक्ष्य निर्धारण गर्ने;

(ख) एम्नेस्टी इन्टरनेसनलको ग्लोबल गभर्नेन्ससम्बन्धी प्रक्रियाहरू जस्तै ग्लोबल असेम्ब्ली (global assembly), रिजनल फोरम, भर्च्युअल असेम्ब्ली वा फोरम लगायतमा एम्नेस्टी नेपालको तर्फबाट प्रभावकारी अन्तर्राष्ट्रिय प्रतिनिधित्व र सहभागिताको सुनिश्चित गर्ने र सो बैठकका निर्णय हरूलाई परिपालना गर्ने गराउने,

(ग) इन्टरनेसनल बोर्ड र अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) बाट प्रेषित रणनीति तथा निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(घ) एम्नेस्टी नेपालको साधारण सभाबाट पारित वार्षिक कार्यक्रमहरूको कार्यान्वयनको अनुगमन गर्ने,

(ङ) एम्नेस्टी नेपालको प्रशासनिक तथा आर्थिक श्रोत आर्जन र व्यवस्थापन सम्बन्धी संरचनात्मक मापदण्डहरू तयार गरी संस्थाको वित्तीय यथार्थता र संभाव्यता (financial viability and feasibility) लाई सुनिश्चित गर्न आवश्यक रणनीतिहरू निर्माण गरी लागु गर्ने गराउने ।

(च) संस्थाको आवश्यकता अनुरुप विभिन्न समिति र उपसमितिहरूको गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,

(छ) संस्थाका लागि आवश्यक सल्लाह र सुझाव लिने उद्देश्यका साथ नेसनल बोर्डले बढीमा तीन जना (एकजना अनिवार्य महिला) सल्लाहकार नियुक्त गर्न सक्नेछ ।[27]

१०.४. **नेसनल बोर्ड पदाधिकारीहरूको[28] काम, कर्तव्य र अधिकार**

नेसनल बोर्डका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) नेसनल बोर्ड बैठकको अध्यक्षता तथा सञ्चालन गर्ने,

(ख) एम्नेस्टी नेपालको निर्देशकको नियुक्ति गर्ने र नीजको कामको सुपरीवेक्षण एवं कार्यसम्पादन मूल्याङ्कन गर्ने ।[29]

(ग) एम्नेस्टी नेपालका तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

(घ) आवश्यकताअनुसार अन्य पदाधिकारी तथा सदस्यहरूलाई कार्यभार सुम्पने, र

(ङ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

... ✂ [30]

क) अध्यक्षले तोकेको जिम्मेवारी पूरा गर्ने,

---

[27] छैठौं संशोधन २०७६ द्वारा हटाइएको । साविकको व्यवस्था :
(क) एम्नेस्टी इन्टरनेसनलको ग्लोबल एसेम्ब्ली र इन्टरनेसनल बोर्ड एवं अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) का निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।
(ख) साधारणसभाबाट निर्धारित नीतिअनुरूप कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,
(ग) एम्नेस्टी नेपालको प्रशासनिक, आर्थिक, श्रोत व्यवस्थापन र अभियान सञ्चालन जस्ता कार्यहरूको अनुगमन गर्नु,
(घ) नेसनल बोर्डलाई आवश्यक सल्लाह दिन बढीमा तीन जना सल्लाहकार नियुक्त गर्न सक्ने,
(ङ) संस्थाको विशेष आवश्यकताअनुरूप विभिन्न उपसमिति र विशेष समिति (हरू) को गठन गरी त्यसको काम, कर्तव्य र अधिकार तोक्ने,
(च) एम्नेस्टी नेपालको कार्य सञ्चालनका लागि आवश्यक नियम, विनियम, उपनियम तथा निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,

[28] छैठौं संशोधन २०७६ द्वारा परिवर्तित । साविक "अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको" रहेको ।

[29] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । साविक निम्न व्यवस्था रहेको :
ख) मतदानको कार्यमा मत बराबर भएमा निर्णायक मत दिने,

[30] पाँचौं संशोधन २०७४ द्वारा हटाइएको । साविक निम्न व्यवस्था रहेको : क) अध्यक्षलाई निजको काममा सहयोग गर्ने,

ख) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र
ग) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

३) महासचिवको काम, कर्तव्य र अधिकार
(क) अध्यक्षको सल्लाहमा नेसनल बोर्डको बैठक तथा अन्य सभाहरू बोलाउने,
(ख) अभिलेखहरू तयार गरी सुरक्षित राखिएको सुनिश्चित गर्ने,
(ग) वार्षिक साधारण सभामा नेसनल बोर्डको गतिविधिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने, र
(घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

४) उपमहासचिवको काम, कर्तव्य र अधिकार
. . . ✂[31]
क) महासचिवको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र
ख) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार
क) एम्नेस्टी नेपालको कोषको सञ्चालन नियमानुसार भएको सुनिश्चित गर्ने,
ख) वार्षिक साधारणसभामा एम्नेस्टी नेपालको आय-व्यय विवरण प्रस्तुत गर्ने,
ग) एम्नेस्टी नेपालको लेखा दुरुस्त राखिएको सुनिश्चित गर्ने,
घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

६) सदस्यहरूको काम, कर्तव्य र अधिकार
क) नेसनल बोर्डको बैठकमा नियमित उपस्थित भई छलफलमा सक्रिय रूपमा सहभागी हुने,
ख) एम्नेस्टी नेपालद्वारा आयोजना गरिएका कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउने,
ग) एम्नेस्टी नेपालको गतिविधि तथा कार्यक्रमहरूलाई प्रभावकारी बनाउन रचनात्मक सहयोग गर्ने,
घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

## १०.५. नेसनल बोर्डको बैठक

(१) नेसनल बोर्डको बैठक विशेष परिस्थितिमा बाहेक प्रत्येक तिन महिनामा एकपटक बस्ने छ ।
(२) नेसनल बोर्ड बैठकको गणपूरक सङ्ख्या (कोरम) ५१ प्रतिशत हुने छ ।
(३) नेसनल बोर्डको बैठकमा मतभेद भई दुवैतर्फ मत बराबर भएको खण्डमा अध्यक्षले निर्णायक मत दिने छन् ।
(४) नेसनल बोर्डको बैठक नबसेको समयमा गर्नुपर्ने आवश्यक कार्यहरू महासचिवले अध्यक्षको परामर्श र सहमतिमा कार्यान्वयन गर्न सक्ने छन् र त्यसलाई आगामी नेसनल बोर्ड बैठकमा आवश्यकताअनुसार पेस गरी अनुमोदन गराउनु पर्ने छ ।
(५) एम्नेस्टी नेपालका निर्देशक नेसनल बोर्ड बैठकमा सहभागी हुने छन् तर निजलाई मताधिकार भने हुने छैन ।
(६) राष्ट्रिय सचिवालयका अन्य कर्मचारीलाई पनि नेसनल बोर्ड बैठकमा आमन्त्रण गर्न सकिने छ तर बैठकमा उनीहरूको पनि मताधिकार हुने छैन ।

## १०.६. पदरिक्तता

देहायका मध्ये कुनै एक अवस्थाहरूमा नेसनल बोर्डको कुनै पदाधिकारीको पद रिक्त भएको मानिने छ :
(१) मृत्यु भएमा,
(२) अध्यक्षले नेसनल बोर्ड समक्ष र अन्य पदाधिकारीले अध्यक्षसमक्ष दिएको राजिनामा नेसनल बोर्डबाट स्वीकृत भएमा,

---

[31] पाँचौं संशोधन २०७४ द्वारा हटाइएको । सोआघि निम्न व्यवस्था रहेको : क) महासचिवलाई निजको काममा सहयोग गर्ने,

(३) संस्थाको कार्यादेश (Mandate) को विपरित कार्य गरेको भनी नेसनल बोर्डले निलम्बनलगायत निष्कासनसम्मका अन्य कारवाही गरी साधारणसभाबाट पदमुक्त गर्ने प्रस्ताव पारित भएमा,

(४) लगातार नेसनल बोर्डको तीन ओटा बैठकमा विना सूचना अनुपस्थित भएमा,
स्पष्टीकरण : यो दफाको खण्ड (३) र (४) को अवस्थामा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट वञ्चित गरिने छैन ।

(५) कुनै समूह खारेज भएको स्थितिमा सो समूहका कुनै सदस्य नेसनल बोर्डको पदाधिकारी वा सदस्य रहेको भएमा निज स्वतः पदमुक्त हुने छन् ।

(६) सदस्यता नरहेमा वा सदस्यताको म्याद समाप्त भएमा ।

**१०.७. रिक्त पदको पूर्ति**

(क) कुनै कारणवश नेसनल बोर्डको अध्यक्षको पद रिक्त भएमा बाँकी अवधिका लागि उपाध्यक्षले स्वतः अध्यक्ष पद सम्हाल्ने छन्

(ख) महासचिवको पद रिक्त भएमा उपमहासचिवले बाँकी अवधिका लागि स्वतः महासचिवको पद सम्हाल्ने छन् ।

(ग) उपाध्यक्ष, उपमहासचिव र कोषाध्यक्षको कुनै पद रिक्त भएको अवस्थामा नेसनल बोर्डले निर्वाचित नेसनल बोर्ड सदस्यहरूमध्येबाट वा एम्नेस्टीको सदस्यहरूमध्येबाट रिक्त पदमा बाँकी अवधिका लागि पदपूर्ती गर्ने छ ।

(घ) उल्लिखित बाहेक अन्य पदाधिकारीको पद रिक्त हुन आएमा नेसनल बोर्डले बाँकी अवधिका लागि एम्नेस्टीको सदस्यहरूमध्येबाट पदपूर्ति गर्ने छ ।

(ङ) रिक्त पदमा पूर्ती गर्दा, एक समूहबाट एक भन्दा बढी पदाधिकारी वा सदस्य नहुने कुराको सुनिश्चितता गरिने छ ।

**११. पुनरावेदन समिति**

(१) साधारण सभाले नेसनल बोर्डको निर्वाचनसँगै एम्नेस्टी इन्टरनेसनल नेपालमा आवद्ध समूहका सदस्यहरूमध्येबाट एक संयोजक र एक जना महिला सदस्यसहित दुई जना सदस्य रहेको कुल तीन सदस्यीय पुनरावेदन समितिको निर्वाचन गर्ने छ जसले समूह, युथनेटवर्क[32] विघटन तथा सदस्यता खारेजी एवं सदस्यता नविकरण नगर्ने नेसनल बोर्डको निर्णयसम्बन्धी विषयहरूउपर पुनरावेदन सुन्ने छ । पुनरावेदन समितिका संयोजक एवं सदस्यहरूको कार्यकाल नेसनल बोर्डसरह हुने छ ।

(२) पुनरावेदन समितिको कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुने छ ।

(३) पुनरावेदन समितिले आफूलाई प्राप्त पुनरावेदनमा सामान्यतया तीन महिना भित्रमा निर्णय दिनेछ र यसको निर्णय अन्तिम हुनेछ ।

(४) पुनरावेदन समितिले आवश्यकतानुसार विवादित विषयका सम्बन्धमा जाँचबुझ गर्ने, प्रमाण सङ्कलन गर्ने तथा सम्बद्ध व्यक्तिहरूसँग सोधपुछ गर्न सक्नेछ । समितिलाई सहयोग गर्नु सम्बद्ध व्यक्ति तथा पक्षहरूको कर्तव्य हुनेछ । समिति प्रतिको असहयोगलाई त्यस्ता व्यक्ति वा पक्षहरूविरुद्धको प्रमाणका रूपमा मात्र सकिने छ ।

(५) यस समितिको संयोजक र सदस्य पदमा उम्मेदवारी दिनका लागि तोकिएबमोजिम[33] योग्यता पुगेको हुनु पर्ने छ ।

**१२. राष्ट्रिय सचिवालय**

एम्नेस्टी नेपालको दैनिक कार्य सञ्चालनका लागि एक राष्ट्रिय सचिवालय रहने छ । सचिवालयको सञ्चालनका लागि नेसनल बोर्डले एक जना निर्देशकको नियुक्ति गर्नेछ । निर्देशक नेसनल बोर्डप्रति उत्तरदायी हुनेछ र अन्य कर्मचारीहरूको नियुक्ति, व्यवस्थापन एवं कार्यसम्पादन मूल्याङ्कन[34] निजले गर्नेछ ।

**१३. समूह र निर्माणाधिन समूह**

---

[32] छैठौं संशोधन २०७६ द्वारा थपिएको ।

[33] पाँचौं संशोधन २०७४ ले परिमार्जन गरेको । साविक [illegible] राखास सदस्यसरहको [illegible] रहेको ।

[34] पाँचौं संशोधन २०७४ द्वारा थपिएको ।

### १३.१ निर्माणाधिन समूहको गठन

नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम ५०[35] जना सदस्यहरूले एम्नेस्टी नेपालको निर्माणाधिन समूह गठन गर्न आवेदन दिएमा नेसनल बोर्डले स्वीकृति दिन सक्ने छ । निर्माणाधिन समूहको मान्यताका लागि -

(क) निर्माणाधिन समूहको आवद्धताअघि नै एम्नेस्टी इन्टरनेसनलको आधारभूत गतिविधि गर्नसक्ने आधारहरु नेसनल बोर्ड समक्ष प्रस्तुत गरेको हुनुपर्ने छ ।

(ख) तोकिएबमोजिमको शुल्क भुक्तानी गर्नु पर्दछ ।

(ग) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ ।

### १३.२ समूहको आबद्धता

एम्नेस्टी नेपालका निर्माणाधिन समूहहरू नेसनल बोर्डको निर्णय र अन्तर्राष्ट्रिय सचिवालयको समर्थनमा एम्नेस्टीको समूहका रूपमा आवद्ध हुन सक्ने छन् । एम्नेस्टी नेपालमा आवद्ध समूहलाई समूह नम्बर प्रदान गरिने छ । यसरी समूहका रूपमा आवद्धता प्राप्त गर्न :

(क) तोकिए बमोजिमको शुल्क भुक्तानी गरेको हुनुपर्नेछ ।

(ख) न्यूनतम ५० जना[36] सदस्य आवद्ध रहेको हुनुपर्ने छ ।

(ग) न्यूनतम छ महिना निर्माणाधिन समूहको रूपमा कार्य गरिसकेको हुनुपर्ने छ ।

(घ) तोकिएको ढाँचामा समूहको विनियम समूह साधारणसभाबाट पारित गराई स्वीकृतिका लागि नेसनल बोर्डमा पेस गरिसकेको हुनुपर्ने छ ।

(ङ) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ ।

(च) समूहको मान्यता सम्बन्धमा नेसनल बोर्डले बढीमा दुई वर्ष भित्रमा निर्णय दिनुपर्ने छ ।

### १३.३ समूह कार्यसमिति

(क) समूह तथा निर्माणाधिन समूहहरूले प्रत्येक वर्ष तोकिएबमोजिम साधारणसभा सम्पन्न गर्नु पर्नेछ र प्रत्येक दुई वर्षमा नयाँ कार्यसमिति चयन गर्नुपर्नेछ ।

(ख) निर्माणाधिन समूहले आफ्नो अनुकुलता अनुसार ७ देखि ११ सदस्यीय कार्यसमिति गठन गर्न सक्नेछन् । त्यस्तो कार्यसमिति :

(१) समूह वा निर्माणाधिन समूहको साधारणसभाबाट निर्वाचित गरिनेछ ।

(२) साधारणसभाले संयोजक, कोषाध्यक्ष र सदस्यहरूको निर्वाचन गर्नेछ ।

(३) निर्वाचित सदस्यहरूमध्येबाट कार्यसमितिले आवश्यकतानुसार उपसंयोजक, सचिव र सहसचिव नियुक्त गर्न सक्नेछ । [37]

(ग) कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने छ ।

(घ) समूह वा निमार्णाधिन कार्य समितिको पदावधि दुई वर्षको हुने छ ।

### १३.४ समूहका काम, कर्तव्य तथा अधिकारहरू

(१) प्रत्येक समूह तथा निर्माणधिन समूहले[38] ६-६ महिनामा आफ्नो सदस्यता, समूह गतिविधिका विवरणहरू, आर्थिक स्थिति र अन्य सम्बन्धित विषयहरूसम्बन्धी तोकिएबमोजिमको विवरण राष्ट्रिय सचिवालयलाई[39] उपलब्ध गराउनुपर्ने छ ।

(२) समूह वा निर्माणाधिन समूहको कार्यसमितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नु पर्नेछ ।[40]

(३) समूहको साधारणसभा प्रत्येक वर्ष बस्नुपर्ने छ ।

(४) समूहहरूले एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजना तथा एम्नेस्टीको नीतिको परिधिभित्र रही बार्षिक न्यूनतम तिन ओटा सार्वजनिक कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

---

[35] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । सो अघि "... २५ ..." रहेको ।

[36] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । सो अघि "... २५ ..." रहेको ।

[37] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । सो अघि "(क) समूह वा निर्माणाधिन समूह कार्यसमिति ७ देखि ११ सदस्यीय हुनेछ ।
(ख) कार्यसमितिका पदाधिकारीहरूमा एक एक जना संयोजक, उपसंयोजक, सचिव, सहसचिव, कोषाध्यक्ष र बढीमा ६ जना सदस्यहरू रहने छन् ।" रहेको ।

[38] पाँचौं संशोधन २०७४ ले थप गरेको ।

[39] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । सो अघि "...राकस ..." रहेको ।

[40] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । सो अघि "समूहको कार्यसमितिको बैठक प्रत्येक महिना बस्नुपर्ने छ ।" रहेको ।

(५) समूहले आफ्नो नियमित लेखा गर्नुपर्नेछ ।
(६) आफ्ना क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्नका लागि समूहले तोकिएको ढाँचाको विनियम तयार गर्नुपर्ने छ जुन नेसनल बोर्डबाट अनुमोदन भएपछि लागू हुने छ ।
(७) सदस्यता वृद्धि गर्नुपर्ने छ ।
(८) समूह एवं निर्माणाधिन समूह सञ्चालन र अभियानका लागि आवश्यक अर्थ सङ्कलन गर्नु पर्नेछ । अर्थसङ्कलन गर्दा एम्नेस्टीको आर्थिक एवं अर्थसङ्कलनसम्बन्धी नीति पालना गर्नु पर्नेछ ।[41]

१३.५. समूह वा निर्माणाधिन समूहलाई कुनै अनुदान वा ऋण उपलब्ध गराउन र समूह वा निर्माणाधिन समूहले लिएको अनुदान वा ऋण भुक्तान गर्न नेसनल बोर्ड जिम्मेवार हुने छैन ।

१३.६ **समूह विघटन** :
(क) एम्नेस्टीको समूहका रूपमा आवद्धताको मान्यता रहिरहनका लागि तोकिएबमोजिका आधार र प्रक्रिया पुरा नगरेका समूहहरूलाई प्रक्रिया पुरा गरी नेसनल बोर्डले समूह विघटनसम्बन्धी निर्णय गर्न सक्नेछ ।
(ख) आधार र प्रक्रिया पूरा गर्न नसकेको कुनै समूह वा समूहहरूबाट मर्जरको लागि माग भै आएमा नेसनल बोर्डले तोकिएअनुसार स्वीकृत दिन सक्ने छ ।

१४. **युथ नेटवर्क**
१४.१ युथ नेटवर्कको गठन :
नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम कम्तिमा ५० जना युवा सदस्यहरूले एम्नेस्टी नेपालको युथ नेटवर्कको आवद्धताको लागि आवेदन दिएमा नेसनल बोर्डले स्वीकृति दिन सक्ने छ । युथ नेटवर्कको मान्यताका लागि -
(क) एम्नेस्टी इन्टरनेसनलले सञ्चालन गर्ने मानवअधिकारसम्बन्धी गतिविधि गर्नसक्ने आधारहरू नेसनल बोर्डसमक्ष प्रस्तुत गरेको हुनुपर्नेछ ।
(ख) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पूरा गरेको हुनुपर्ने छ ।
१४.२ युथ नेटवर्कको सञ्चालन र विघटन :
(क) युथ नेटवर्कको सञ्चालन र विघटन तोकिएबमोजिम हुनेछ ।[42]

भाग-५

## आर्थिक व्यवस्था

१५. **संस्थाको कोष**
(१) एम्नेस्टी इन्टरनेसनल नेपालको नाममा देहायबमोजिम प्राप्त भएका सबै चल, अचल सम्पत्ति एम्नेस्टी नेपालको सम्पत्ति हुने छ ।
(क) सदस्य तथा समूहहरूबाट प्राप्त हुने प्रवेश शुल्क, सदस्यता शुल्क, वार्षिक शुल्कहरू तथा अन्य सहयोगस्वरूप प्राप्त नगद तथा जिन्सी,
(ख) स्वदेशी तथा विदेशी व्यक्ति तथा निकायबाट प्राप्त सहयोग तथा अनुदान,
(ग) संस्थाबाट गरिएका विभिन्न प्रकाशनको बिक्रीबाट आर्जन भएको रकम र अन्य अर्थसङ्कलन क्रियाकलापहरूबाट प्राप्त रकम,[43]
(घ) बैङ्क तथा वित्तीय संस्थाहरूबाट लिइएको ऋण आदि ।
(ङ) अन्तर्राष्ट्रिय सचिवालय वा अन्य ए.आई. संरचना वा अन्य ए.आई. शाखाहरूबाट प्राप्त सहयोग, अनुदान, ऋण आदि ।
(२) एम्नेस्टी नेपालको सम्पूर्ण सम्पत्तिको हिसाबकिताब दुरुस्त राखिने छ ।
(३) एम्नेस्टी इन्टरनेसनल नेपालको नाममा स्वदेशी वा विदेशी सरकारबाट आर्थिक सहयोग स्वीकार हुने छैन तर मानवअधिकार शिक्षा कार्यक्रमहरूका लागि इन्टरनेसनल बोर्डले तोकेबमोजिम पूर्व

[41] पाँचौं संशोधन २०७४ ले थप गरेको ।
[42] पाँचौं संशोधन २०७४ ले थप गरेको । संशोधनअघि "१४. युथ नेटवर्कको गठन, सञ्चालन एवं विघटन तोकिएबमोजिम हुने छ ।" मात्र रहेको ।
[43] पाँचौं संशोधन २०७४ द्वारा संशोधित । सोअघि "ग. प्रकाशनका ग्राहकहरूबाट सङ्कलित रकम, साहित्य र प्रकाशनको बिक्रीबाट प्राप्त रकमलगायत अन्य अर्थ सङ्कलन क्रियाकलापहरूबाट प्राप्त रकम," रहेको ।

स्वीकृति लिएर वा निश्चित सहयोग लिनका लागि एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय सचिवालयलयले तोकेको अन्य प्रक्रिया पुरा गरी सरकारी आर्थिक सहयोग लिन सकिनेछ । ... ✂[44]

(४) एम्नेस्टी नेपालका सबै सम्पत्ति तथा श्रोतहरू यस विधानको भाग दुईमा उल्लिखित उद्देश्यहरू पुरा गर्नका लागि परिचालन गरिने छन् ।

(५) विदेशस्थित संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिंदा यस संस्थाले समाज कल्याण परिषद्को स्वीकृति लिनेछ ।

**१६. संस्थाको कोषको सञ्चालन प्रक्रिया**

(१) एम्नेस्टी नेपालको नाममा प्राप्त हुने सबै नगद सम्पत्ति तोकिएको बैङ्क वा बैङ्कहरूमा तोकेबमोजिमको खाता खोली जम्मा गरी राखिने छ ।

(२) एम्नेस्टी नेपाल शाखाको बैङ्क खाता अध्यक्ष, महासचिव, कोषाध्यक्ष र निर्देशकमध्ये कुनै दुईको हस्ताक्षरबाट सञ्चालन हुनेछ तर दुईमध्ये कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ ।

**१७ लेखापरीक्षण**

(१) हरेक आर्थिक वर्षको अन्त्यमा संस्थाको आय-व्यय तथा सम्पत्तिको विवरण साधारणसभाले तोकेबमोजिमको मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई साधारणसभाबाट पारित गराइने छ ।

(२) त्यसरी पारित गरिएको लेखापरीक्षण प्रतिवेदन वार्षिक रूपमा स्थानीय अधिकारी, समाज कल्याण परिषद् र एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयमा पेस गरिने छ ।

## भाग-६
## विधान संशोधन

**१८. विधान संशोधन**

(१) नेसनल बोर्डले आवश्यक सम्झेमा वा एम्नेस्टी नेपालको कुनै समूहले समूहको निर्णयसाथ नेसनल बोर्डसमक्ष संशोधन प्रस्ताव पेस गरेमा नेसनल बोर्डले त्यस्तो विधान संशोधन प्रस्ताव साधारणसभामा पेस गर्न सक्नेछ ।

(२) समूहले पेस गर्ने विधान संशोधनसम्बन्धी प्रस्ताव समूहहरूको कार्यसमिति वा साधारणसभाबाट र नेसनल बोर्डले पेस गर्ने प्रस्ताव नेसनल बोर्डको बैठकबाट पारित भएको हुनु पर्नेछ ।

(३) विधान संशोधनसम्बन्धी प्रस्ताव साधारणसभा हुनुभन्दा ३० दिन अगावै राष्ट्रिय सचिवालययमा दर्ता गराउनुपर्ने छ ।

(४) यसरी दर्ता हुन आएको विधान संशोधनसम्बन्धी प्रस्ताव सचिवालयले साधारणसभा सुरु हुनुभन्दा २१ दिन अगावै सम्पूर्ण समूहहरूमा पठाउनुपर्ने छ ।

(५) समूहबाट आएको विधान संशोधनसम्बन्धी प्रस्तावमा नेसनल बोर्डले उपयुक्त देखेमा संशोधन प्रस्ताव पेस गर्न सक्ने छ ।

(६) उल्लिखित विधान संशोधनसम्बन्धी वा सो प्रस्तावलाई संशोधन गर्नेसम्बन्धी दुवै प्रस्ताव साधारणसभामा छलफलमा ल्याइने छ ।

(७) प्रस्तुत संशोधन प्रस्ताव साधारणसभामा उपस्थित मताधिकार प्राप्त प्रतिनिधिहरूको दुई तिहाइ बहुमतबाट पारित भएमा विधान संशोधन हुने छ ।

## भाग-७
## विविध

**१९. अविश्वासको प्रस्ताव**

(१) देहायको अवस्थामा एम्नेस्टी नेपालको सम्पूर्ण समूह सङ्ख्याको २५ प्रतिशत समूहहरूको कार्य समितिको निर्णयका साथ संयुक्त रूपमा नेसनल बोर्ड वा[45] पुनरावेदन समितिका पदाधिकारीविरुद्ध एम्नेस्टी नेपालको सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन् ।

---

[44] पाँचौं संशोधन २०७८ द्वारा हटाइएको । सोअघि "सम्बन्धित अन्तर्राष्ट्रिय आर्थिक निर्देशनहरूको पालना सुनिश्चित गर्न सबै आर्थिक सहयोगहरू राकासबाट परिचालित हुने छ ।" रहेको ।

(क) संस्थाको कार्यादेश विपरीत काम गरेमा
(ख) संस्थाको हितविपरीतको कार्य गरेमा ।

सचिवालयले त्यस्तो प्रस्ताव दर्ता भएको ४५ दिनभित्रमा साधारण सभाको आकस्मिक बैठक बोलाई अविश्वासको प्रस्तावउपर छलफल गराउनु पर्ने छ । यदि ९० दिनभित्र साधारण सभा आह्वान गरिएको भएमा सोही नियमित बैठकमा यस्तो प्रस्ताव पेस गरिने छ । नेसनल वोर्डउपरको अविश्वास प्रस्तावमा सभाको अध्यक्षता साधारणसभाले तोकेको व्यक्तिले गर्ने छ ।

(२) यसरी अविश्वासको प्रस्तावउपर छलफल हुँदा सफाइको मौकाबाट वञ्चित गरिने छैन ।

(३) साधारण सभाको आकस्मिक बैठकमा उपस्थित मताधिकार प्राप्त सदस्यहरूको दुई तिहाइ बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएको खण्डमा नेसनल वोर्ड वा पुनरावेदन समिति भङ्ग हुने छ र सोही सभाबाट नयाँ नेसनल वोर्ड वा पुनरावेदन समितिको निर्वाचन गरिने छ ।

(४) अविश्वासको प्रस्ताव वर्षमा एकपटक भन्दा बढी ल्याउन सकिने छैन ।

२०. यस विधानमा जुनसुकै कुरा लेखिएको भए तापनि एम्नेस्टी इन्टरनेसनलको ग्लोवल असेम्ब्ली[46], इन्टरनेसनल वोर्ड तथा अन्तर्राष्ट्रिय सचिवालयबाट भएका निर्णय, निर्देशन तथा एम्नेस्टी इन्टरनेसनलको विधान र प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुने छ ।

२१. **संस्थाको विघटन :**

(१) एम्नेस्टी नेपालको विघटनको सिफारिस एम्नेस्टी नेपाल साधारण सभा सदस्यहरूको दुई तिहाइ बहुमतले मात्र गर्न सक्ने छ । ... ✂[47]

(२) एम्नेस्टी नेपालको विघटनसम्बन्धी अन्तिम निर्णय इन्टरनेसनल वोर्डबाट हुने छ ।

(३) विघटनपश्चात् एम्नेस्टी नेपालको ऋण तथा दायित्वहरू फछर्यौट गरी बाँकी रहेको सम्पत्ति इन्टरनेसनल वोडको सहमतिमा नेपाल सरकारको हुनेछ ।

२२. **विधानको व्याख्या**

यस विधानलाई व्याख्या गर्ने अधिकार नेसनल वोर्डसँग रहने छ । व्याख्यामा गम्भीर मतभेद उत्पन्न भएमा अन्तिम व्याख्या गर्ने अधिकार भने क्रमशः साधारणसभा र अन्तर्राष्ट्रिय सचिवालयमा निहित रहने छ ।

२३. **खारेजी तथा बचाऊ**

यो विधान लागू हुनुअघि भए गरेका कार्यहरू यसै विधानअनुरूप भएको मानिने छ ।

♣ समाप्त ♣

[45] पाँचौं संशोधन २०७८ द्वारा परिमार्जित । सोअघि "वा" रहेको ।
[46] पाँचौं संशोधन २०७८ द्वारा परिमार्जित ।
[47] पाँचौं संशोधन २०७८ द्वारा हटाइएको । हटाउनुअघि "यस्तो सिफारिस अन्तर्राष्ट्रिय कार्य समितिले अनुमोदन गरेपछि मात्र लागू हुनेछ ।" रहेको ।